**सर्पको टोकाइबाट बचौं र बचाऔं**
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक)तिर नलागौं,
- आफ्नो नजिकको सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ असार २६ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 10 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३१२

## वीरगंज आसपासको सडक चिल्लो पार्छु –वनमन्त्री यादव

प्रस, वीरगंज, २५ असार/
सङ्घीय सरकारका नवनियुक्त वन तथा वातावरण मन्त्री प्रदीप यादवले आगामी तीन महीनाभित्रमा पर्सा जिल्लालाई विकास निर्माणसँग जोड्ने बताएका छन् ।

मन्त्री बनेपछि पहिलोपटक शनिवार गृहनगर वीरगंज आएका बेला उनको स्वागतमा जसपाले आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा मन्त्री यादवले मेरो मन्त्रालय विकासे मन्त्रालय त होइन तर प्रधानमन्त्री, भौतिक पूर्वाधार विकास, शिक्षालगायतका मन्त्रीहरुसँग समन्वय गरेर तीन महीनाभित्रै पर्सा जिल्लालाई विकसित जिल्ला बनाउन काम शुरू हुने बताए । उनले वीरगंज आसपासका हरेक सडकलाई चिल्लो पार्ने विकास आयोजना विभिन्न सरोकारवाला निकायसँग मिलेर काम शुरू गर्ने उनले ठोकुवा गरे ।




जिल्लाका १४ वटै पालिकामा अधुरा सबै सडकको टेन्डर गराएर काम शुरु गराउने घोषणा पनि उनले गरे । यसका साथसाथै पर्सामा पर्यटन प्रवर्धन र विकासका लागि वीरगंजमा ललितपुरभन्दा पनि ठूलो चिडियाखाना आफ्नै कार्यकालमा निर्माण गर्ने बताए । यसका लागि जग्गा खोज्न वीरगंज महानगरका प्रमुख राजेशमान सिंहलाई उनले आग्रह पनि गरे ।

भिस्वा स्तुप, विन्ध्यवासिनी मन्दिर, भाथा मन्दिरलगायतका धार्मिकस्थललाई धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गर्ने आफ्नो लक्ष्य रहेको चर्चा गर्दै ठोरी गाउँपालिकालाई मधेस सरकारले पर्यटकीय क्षेत्र घोषणा गरेको भन्दै उनले त्यसका लागि सङ्घीय सरकारले पर्याप्त बजेट उपलब्ध गराउने उनले बताए ।

## सामाजिक सुरक्षाभत्ता मासिकरूपमा दिने तयारी

प्रस, वीरगंज, २५ असार/
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक तीर्थराज भट्टराईले सामाजिक सुरक्षा भत्ता मासिकरूपमा वितरण गर्नेगरी गृहकार्य अगाडि बढेको बताएका छन् । नागरिक र पञ्जीकरण विभागको सम्बन्ध सुमधुर हुनुपर्नेमा उनले जोड दिए । बैंकिङ सेवालाई प्रभावकारी बनाउनका लागि गाउँगाउँमा घुम्ती सेवा निर्माण गरी सेवा प्रभाव गर्न उनले सुझाए ।




कलैया उपमहानगरपालिकामा शनिवार आयोजित 'सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिता : सरकार र नागरिकको भूमिका' विषयक जिल्लास्तरीय सार्वजनिक सुनवाइ कार्यक्रममा उनले जन्मदर्ता नागरिकतासँग सम्बन्धित रहेको जन्मदर्तादेखि नै नागरिकता प्राप्तिका लागि ध्यान केन्द्रित गर्नुपर्ने कुरामा जोड दिए ।

राष्ट्रिय परिचयपत्रलाई अझै प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालय बारासहित इलाका प्रशासन कार्यालयहरू सिमरा, सिम्रौनगढ, कोल्हवीमा जनशक्ति परिचालन गरी थप युनिटको व्यवस्था चाँडै गर्ने तयारी भइरहेको उनले जानकारी गराए । महानिर्देशक भट्टराईले असारे विकासलाई निरुत्साही गर्दै कानूनले तोके अनुसार कामकाज गर्नमा कुनै कमी नराख्ने

कार्यक्रममा गृह मन्त्रालयका सहसचिव भीष्मकुमार भुसालले नागरिकको आवाजलाई सम्बोधन हुने गरी कानून बनाउन सरकार तयार रहेको बताए । उनले सहभागीहरुले उठाएका कुरा कानूनसम्मत सम्बोधन हुने कुरामा कुनै कमी नहुने बताए ।

जिल्ला समन्वय समितिका संयोजक नरेन्द्रकुमार साहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी कृष्णकुमार कटुवाल, सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरीप्रसाद कलवार, बारागढी गापाका अध्यक्ष अशोकप्रसाद जयसवाल, कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नाथु साहलगायतले सामाजिक सुरक्षा भत्ता पाउने नागरिकले दुःख पाएको विषयलाई सम्बोधन गरिनुपर्ने कुरामा जोड दिएका थिए ।

## आठजना महिलासहित १६४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २५ असार/
पर्सा र सर्लाहीमा शनिवार आयोजित रक्तदान कार्यक्रममा आठजना महिलासहित १६४ जनाले रक्तदान गरेको




रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

वीरगंज महानगरपालिका-२४ रामगढवा एकता युवा क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित ८० जनाले रक्तदान




गरेको प्राविधिक प्रमुख पाण्डेयले बताए ।

नगरप्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पिङ्की देवी, निखिल यादव, विशाल यादव, रमिता देवी, उमेश पटेल, सन्दीप पटेललगायतले रक्तदान गरेका थिए ।

यसैगरी, लायन्स क्लब अफ सर्लाहीले बरहथवामा आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित ८४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

कार्यक्रममा सरिता श्रेष्ठ, सुनील सिंह कुशवाहा, भुवन अधिकारी, पवन महतो, अरविन्द यादवलगायतले रक्तदान गरेको प्राविधिक झाले बताए ।

## बाराका ४५ वर्षीय मैनाली नौ दिनदेखि बेपत्ता

प्रस, वीरगंज, २५ असार/
बाराको कोल्हवी नगरपालिका-२ का ४५ वर्षीय शिवराज मैनाली नौ दिनदेखि बेपत्ता छन् ।

उनका आफन्त निरञ्जनका अनुसार उनी असार १७ गतेदेखि बेपत्ता भएका हुन् । शिवराजको खोजीका लागि परिवारजनले प्रहरीमा निवेदन दिएका छन् । शिवराज बेपत्ता भएको एक साता बितिसक्दा पनि फेला पार्न नसक्दा परिवारजन पीडामा छन् ।



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

## रक्सौलमा दुई नेपाली चेलीको उद्धार

नितेश कर्ण, वीरगंज, २५ असार/
मानव बेचबिखन नियन्त्रण एकाइ रक्सौलको टोलीले १५ वर्षका दुईजना



नाबालिग नेपाली चेलीलाई मानव तस्करको हातमा पर्नबाट रोकेको छ ।

रक्सौलको रामजी चोकनजीकैबाट मानव तस्करको चङ्गुलमा परेका १५ वर्षका दुईजना नेपाली चेलीलाई नेपाल प्रहरीका प्रहरी निरीक्षक मनोजकुमार शर्मा र गैरसरकारी संस्थाले रोकेका थिए । उनीहरूलाई माइती नेपालको संरक्षणमा सुम्पिएको छ ।

रक्सौलमा एएचटियूको टोलीले दुईजना नेपाली चेलीलाई तस्करको हातबाट जोगाएको हो । उनीहरूलाई राति ११:४५ बजे रक्सौलबाट आनन्द विहारसम्मको रेलबाट दिल्ली आउन भनिएको थियो ।

दुवै नाबालिग तीन दिनअघि घरपरिवारलाई खबर नगरी काठमाडौंबाट सुन र पैसा लिएर भागेका थिए ।

आमाबुबाले दुवैलाई धेरै खोजे पनि कतै फेला नपरेपछि उनीहरूले प्रहरीमा उजुरी दर्ता गराएका थिए ।

परिवारका सदस्यले सामाजिक सञ्जालमा प्रहरी निरीक्षक मनोजकुमार शर्माको नम्बर पाएर उनलाई छोरी फिर्ता ल्याउन मदत गर्न आग्रह गरेका थिए ।

उद्धार गरिएका दुई नेपाली चेलीले बोकेको फोन चेक गर्दा कसैले उनीहरूलाई दिल्ली आउन म्यासेज गर्दै पैसा र सुन ल्याउने कुरा गरेको पाइएको थियो । अनुसन्धान टोलीले सो व्यक्तिबारे अनुसन्धान गरिरहेको प्रहरीले बताएको छ ।

दुवै नाबालिगलाई माइती नेपाल र नेपाल प्रहरीको जिम्मा लगाइएको र उनीहरूका अभिभावकलाई जानकारी गराइएको छ ।

माइती नेपालका प्रमुख गोमा पोडेलले एएचटियू टोलीले यस्तो कार्यमा सहयोग गर्दै आएको बताए ।

## पकहामैनपुरको गाउँसभा सम्पन्न

प्रस, वीरगंज, २५ असार/
पर्साको पकहामैनपुर गाउँपालिकाको आव २०७९/८० को आठौं गाउँसभा




शनिवार सम्पन्न भएको छ ।

गापा अध्यक्ष सुरेशप्रसाद मेहताको सभापतित्वमा भएको कार्यक्रममा नेपाली काङ्ग्रेसका नेता तथा पूर्वमन्त्री सुरेन्द्र चौधरी, गापा उपाध्यक्ष सरफुनेशा खातुन, नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दनसिंह क्षत्री, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, वडा नं १ देखि ५ सम्मका अध्यक्ष, वडा सदस्य, नेपाली काङ्ग्रेस पर्सा क्षेत्र नं ३ का क्षेत्रीय सभापति सिसुनप्रसाद चौहानलगायतको सहभागिता थियो ।

उद्घाटन सत्रमा गापाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले बजेट वक्तव्य प्रस्तुत गरेका थिए ।

आगामी आवको लागि पकहामैनपुर गापाले रु ३९ करोड ३७ लाख ८४ हजारको बजेट ल्याएको छ ।

गापा अध्यक्ष सुरेश मेहताको प्रस्तावलाई सर्वसहमतले सभाले पारित गरेको थियो ।

## विचारसार र सूक्तिहरू

**जो संयमित शब्द बोल्छ, त्यो विपत्तिदेखि जोगिइरहन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# मान र अभिमान

मान र अभिमानको एउटा पाटो सामाजिक हुन्छ भने अर्को आध्यात्मिक। सामाजिक आदर्श होस् वा आध्यात्मिक, यसको उदाहरणको लागि अशिक्षितहरूलाई अगाडि राख्न सकिंदैन। सभ्य, शिक्षित, सुसंस्कृत व्यक्तिको वाणी–विचार, व्यवहार र कार्यलाई अगाडि राखेर नै कुनै आदर्श वा उदाहरणलाई हामी नाप्न र परख गर्न सक्छौं।

शरीराभिमानलाई साथ लिएर हामी आध्यात्मिक भूमिकामा प्रवेश गर्न सक्दैनौं, सन्त–सत्पुरुषहरूको यस्तै कथन छ। प्रकृतिप्रदत्त क्षमता हरेक मानिसले प्राप्त गरेको हुन्छ, तर जसले त्यसको उपयोग र सदुपयोग गर्छ, ऊ नै लाभान्वित हुन्छ। यो एउटा निर्विवाद सत्य हो। तर पनि के हामी यस कथनलाई मान्नको लागि तयार छौं ?

**सामाजिक जीवनको दायरामा भौतिक भावनाको बीच रहेर हामी आफ्नो मानवजीवनको अभिमान अवश्य गर्न सक्छौं तर त्यसको सही मूल्याङ्कन गर्न सक्दैनौं, जसलाई मान भनिएको छ। यो तथ्य सरल भएर पनि ज्ञानगम्य छ।**

हामीले सामाजिक मान–प्रतिष्ठा जतिसुकै किन प्राप्त नगरौं तर मानवजीवनको लागि त्यसको विशेष महत्त्व मानिंदैन। हेर्दा यो लाग्छ कि जब मनुष्य सामाजिक दायराबाट बाहिर निस्किएर जीवन–चेतना प्राप्त गर्दछ कि यो जीवन त्यो होइन, जुन हामी बुझिरहेका छौं, तब उसलाई यस्तो प्रेरणा प्राप्त भएपछि उसको सामाजिक भूमिका समाप्त हुन्छ। ऊ कुनै अज्ञात लक्ष्यतर्फ बढ्न थाल्छ। उसको जीवनस्तर नै बदलिन्छ।

वेद–उपनिषदहरूको यही दिशासङ्केत रहेको छ कि जबसम्म मानवको आध्यात्मिक जाग्रत हुँदैन, तबसम्म उसको जीवन सफल मान्न सकिंदैन। यो सफलता के हो ? हामीमध्ये कतिले बुझ्न सकेका छौं ?

यो कथमपि अत्युक्ति होइन कि जबसम्म हामी सामाजिक दायरामा रहन्छौं, हाम्रो जीवनको सामाजिक भूमिका बनिरहन्छ, हामी मानवजीवनलाई सही मान दिन सक्दैनौं। मानको तात्पर्य–मूल्याङ्कन हुन्छ। यसको अर्थ यो होइन कि हामी केवल पैसाबाट नै मूल्याङ्कन गर्न सक्छौं ? मूल्याङ्कनका अन्य प्रकार पनि हुन्छन्।

हामी कुनै वस्तुको सही मूल्याङ्कन गर्नमा समर्थ कहिले हुन सक्छौं, जब हामी त्यस वस्तुलाई बुझ्न सक्छौं, त्यसको उपयोगितालाई जान्न सक्छौं, त्यस वस्तुको विशेषतालाई सम्झिन सक्छौं।

सामाजिक जीवनको दायरामा भौतिक भावनाको बीच रहेर हामी आफ्नो मानवजीवनको अभिमान अवश्य गर्न सक्छौं तर त्यसको सही मूल्याङ्कन गर्न सक्दैनौं, जसलाई मान भनिएको छ। यो तथ्य सरल भएर पनि ज्ञानगम्य छ। शिक्षा र सम्पत्तिको अभिमानमा रहेर हामी यस सुगम तथ्यलाई बुझ्न सक्दैनौं भने त्यसको मान कसरी गर्न सक्छौं ?

समाजमा प्रभु–शक्तिको प्रधानता छ। एक मनुष्य अरूलाई आफ्नो प्रभावमा राखेर बढीभन्दा बढी स्वार्थसाधना गर्नुलाई आफ्नो मान बुझ्छ– जबकि त्यो मान होइन, स्वच्छ अभिमान हो।

हामी दूधजस्तो सेतो वस्त्र लगाउँछौं, चार तले भवनमा रहन्छौं, तब यसको अर्थ यो थोरै हुन सक्छ कि हामी निकै सभ्य र शिक्षित छौं ! सभ्यता र शिक्षाको प्रतीक त हाम्रो वाणी–विचार, कार्य–व्यवहार, हाम्रो भावना–चेतना हो।

अभिमानलाई नछाडीकन आजसम्म कोही पनि मानसम्म पुगेको छैन। यसको लागि उदाहरण दिनु आवश्यक छैन। मान र अभिमानको बीचमा एउटा शब्द स्वाभिमानको आउँछ। त्यसलाई बुझ्न आवश्यक छ कि यो स्वाभिमान के हो, यसको अर्थ के हुन्छ ?

हामी जेसुकै छौं, त्यत्तिकै मानौं, त्यसभन्दा बढी मनाउने कोशिश नगरौं, तबमात्र यो हाम्रो स्वाभिमान हुन्छ।

कसैले यस्तो भनेका छन्– मानसम्म पुग्नको लागि हामीले अभिमानलाई आफ्नो साथी बनाउनुहुँदैन। यदि यस्तो गर्‍यौं भने त्यसको परिणाम पनि त्यस्तै हुन सक्छ, जस्तै कि अभिमानलाई जीवनको सफलता मानेर हुन्छ।

शाश्वतको अवहेलना गरेर अशाश्वतको आराधना गर्नु कहाँसम्म सही छ ? यसलाई बुझ्न के हामी आफ्नो ज्ञान, विवेकको सदुपयोग गर्दैनौं ? आत्माको अगाडि शरीरको के अस्तित्व छ ?

त्यसो त यो सत्य हो कि कर्मयोगको लागि शरीरको महत्त्व अवश्य मान्नुपर्छ। तर जीवनको लक्ष्य कर्मफलको त्याग वा भगवत्प्राप्ति मानिएको छ। ऋषि–महर्षिको जीवनबाट, वेदोपनिषद्हरूको अध्ययनबाट, यो निर्विवाद सिद्ध छ कि हामी अभिमानलाई त्यागेर नै आफ्नो मानवजीवनको सही मान प्राप्त गर्न सक्छौं।

## सभ्यता

फ्रान्सका राजा हेनरी चतुर्थ एक दिन पेरिस नगरमा आफ्ना अङ्गरक्षक तथा उच्चाधिकारीहरूसँग कतै गइरहेका थिए। बाटोमा एकजना भिक्षकुले आफ्नो टोपी टाउकोबाट फुकाल्दै मस्तक झुकाएर अभिवादन गरे। हेनरीले पनि आफ्नो टोपी फुकालेर टाउको झुकाएर भिक्षुकलाई अभिवादन गरे। यो देखेर एकजना उच्चाधिकारीले भने– श्रीमान् ! एकजना भिक्षुकलाई तपाईंले यसरी अभिवादन गर्नु, के यो उचित छ ?

हेनरीले सरलताले जवाफ दिए– फ्रान्सका नरेश एक भिक्षुकजति पनि सभ्य छैन, यो म सिद्ध गर्न चाहन्नँ।

# तथ्याङ्कीय जालझेल कहिलेसम्म ?

समयान्तर



ओमप्रकाश खनाल

omkhanal@gmail.com

हालै सरकार र निजी क्षेत्रसँग सरोकार राख्ने दुई बेग्लाबेग्लै निकायका अध्ययन प्रतिवेदन सार्वजनिक भए। पहिलो, सरकारी तथ्याङ्कको आधिकारिक निकाय केन्द्रीय तथ्याङ्क विभागले अहिले देशका उद्योग प्रतिष्ठानको उत्पादन साढे पाँच खर्ब रुपैयाँभन्दा बढीले वृद्धि भएको तथ्याङ्क सार्वजनिकसम्बन्धी समाचारले ध्यान तान्यो। अहिले कोरोना महामारीको प्रभाव, यसलगत्तै शुरू भएको रूस–युक्रेन युद्धले विश्वको आपूर्ति शृङ्खलामा सिर्जना भएको अवरोध, शोधनान्तर घाटा र विदेशी विनिमयको घट्दो सञ्चिति, विप्रेषण आप्रवाहमा देखिएको कमी, तरलता अभाव र यी समग्र अवस्थाबाट पार पाउन सरकारले व्यापारमा लगाएको नियन्त्रण र यसले उत्पादनका अवयवमा पारेको असरले उद्योग–व्यापार अत्यन्तै कठिन मोडबाट गुज्रिइराखेको छ। अधिकांश उद्योग पूर्ण क्षमतामा चल्न सकेका छैनन्। निर्माण सामग्रीका उद्योग त क्षमताको तीस प्रतिशतमा झरिसकेका समाचार पनि सञ्चारमाध्यममा आए। यस्तो अवस्थामा उत्पादनको आकार अभिवृद्धिको तथ्याङ्कीय समाचार अनौठो लाग्नु अस्वाभाविक थिएन।

तर विभागले औद्योगिक सर्वेक्षण नाम दिएर प्रकाशित गरेको यो अध्ययन प्रतिवेदन आर्थिक वर्ष २०७५/७६ को अवधिमा सङ्कलन गरिएको तथ्याङ्कका आधारमा तयार गरिएको रहेछ। जतिबेला अहिले अर्थतन्त्रमा देखा परेका औसत सकसहरूको सुरुआत नै भएको थिएन, त्यो समयका तथ्याङ्कमा आधारित अध्ययन प्रतिवेदन अहिले सार्वजनिक गर्नुको औचित्य के हो ? अर्थतन्त्रका प्रत्येक सूचक नकारात्मक बनेको अहिलेको अवस्थामा उद्योगहरूको उत्पादन क्षमता बढेको तथ्याङ्कले के अर्थ राख्छ ? यो तथ्याङ्कको सान्दर्भिकता के हो ? तीन वर्षअघि गरिएको अध्ययनको प्रतिवेदन अहिले सार्वजनकि गर्नुको तात्पर्य के हो ? २०७६ असारसम्म सङ्कलन गरिएका तथ्याङ्क त्यसको दुई/चार महीनाभित्र सार्वजनिक गरेको भएपनि त्यसको केही सान्दर्भिकता र उपयोगिता हुन सक्ने थियो। अहिले त यसले पाठक र सरोकारका पक्षलाई केहीबेर भ्रमित पार्ने कामबाहेक अन्य केही गर्दैन।

२०७६ मङ्सिर/पुसबाट त विश्व नै कोरोना महामारीको चपेटामा पर्‍यो। त्यही वर्ष चैतयता नेपाल पनि यसको कहरमा जेलिन पुग्यो। कोरोना महामारी नियन्त्रणका लागि गरिएका बन्दाबन्दी, निषेधाज्ञाजस्ता उपायबाट देशको अर्थतन्त्र तहसनहस भयो। विश्वका शक्तिशाली अर्थ व्यवस्थाहरू त हायलकायल भइराखेको अवस्थामा हामीजस्तो हरेक उपक्रममा अरूमाथि आश्रित अर्थतन्त्र यसबाट जोगिन सक्ने कुरै थिएन। अरूभन्दा बढी नै प्रभावित भयौं। अर्थतन्त्रमा त्यसको असर अहिले पनि गम्भीररूपमा परिराखेको छ। कोरोना महामारी उत्कर्षमा रहँदा वैश्विक उत्पादन र आपूर्तिका शृङ्खला अस्तव्यस्त बन्न पुगे। एकातिर उत्पादन घट्यो भने आपूर्ति पनि हुन सकेन। कोरोना मत्थर हुँदै जाँदा माग बढ्यो र यसले महँगी बढायो। हामीजस्तो आयातमा आधारित आपूर्तिमा अडिएको अर्थव्यवस्थाको लागि यो निकै चुनौतीपूर्ण अवस्था हो। बढ्दो महँगी र अमेरिकी डलरको भाउ वृद्धि हुँदा हाम्रो आपूर्ति स्वतः महँगो हुने भयो। मानौं, विगतमा कुनै वस्तु आयातका लागि एक सय रुपैयाँ खर्च भइराखेको थियो भने अहिले १२५ रुपैयाँ खाँचो पर्ने भयो। यसले तरलताको माग बढ्यो। तरलताको स्रोत भनेका सरकारी खर्च र विप्रेषण मुख्य हुन्। कमजोर सरकारी खर्च क्षमता त पुरानै रोग हो। विप्रेषणको आयमा पनि आंशिक कमी आएकै हो। तर जति हल्लाखल्ला गरिएको छ, त्यसरी गिरावट आएको भने होइन। हामीकहाँ तरलता अभावको मूल कारण यसको माग नै मुख्य हो। विश्वव्यापीरूपमा बढेको महँगी तरलताको माग बढ्नुको मूल कारण हो।

सरकारले यो अवस्थाबाट पार पाउन स्वदेशमा उत्पादन बढाउने उपायलाई बढावा दिने नीति ल्याउनुपर्ने हो। यस्तोमा बाहिरबाट कच्चा पदार्थ भित्र्याएर गरिने उत्पादनभन्दा तुलनात्मक लाभमा आधारित उत्पादन अर्थतन्त्रका लागि लाभदायी हुन सक्छ। स्वदेशी कच्चा पदार्थ र श्रमको बढीभन्दा बढी उपयोगमा आधारित उत्पादनले नै रोजगार र आन्तरिक आय आर्जनको अवसर अभिवृद्धि हुन सक्छ। तर सरकारका नीतिहरू हेर्दा उत्पादन होइन, आयात नियन्त्रणमा उन्मुख भएको देखिन्छ। यो समस्याको दीर्घकालीन समाधान होइन। बरु यसले बजारमा अभाव र थप मूल्यवृद्धिको सम्भावनालाई नै बढाउँछ। सत्ता सञ्चालक र सीमित व्यापारिक घरानाकै मिलेमतोमा भएका राजस्व दरको हेरफेरले उद्योगधन्धा अस्तव्यस्त बन्ने अवस्था छ। उद्योगी–व्यापारी आन्दोलनमा छन्। समग्रमा औद्योगिक र व्यापारिक दुवै अवस्था दयनीय छ। अहिले नेपालको आर्थिक अवस्थालाई श्रीलङ्काको निकट पुग्न लागेको भनेर तुलना गर्न थालिएको छ। अवस्थालाई काबुबाहिर जान नदिन सरकारले कतिपय वस्तुको आयातमा प्रतिबन्ध लगाएको छ भने कति त कच्चा पदार्थमा समेत नगद मार्जिन तोकिएको छ। यसले औद्योगिक गतिविधि नै सुस्त भइराखेको छ। यस्तो परिदृश्यमा सरकारी तथ्याङ्क सङ्कलन र व्यवस्थापनको आधिकारिक र भरपर्दो मानिएको निकायले पुरानो सन्दर्भ समयको तथ्याङ्क सार्वजनिक गरेर आमजनतालाई अल्मल्याउन खोजेको भान हुन्छ। यस्तो कामले सरकारी बजेट सिध्याउनेबाहेक अन्य कुनै सार्थकताको सङ्केतसमेत गर्दैन।

दोस्रो, एउटा अर्को सतही अध्ययनको निष्कर्ष यतिबेलै सतहमा आएको छ। बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन)को सहयोगमा त्रिभुवन विश्वविद्यालयले गरेको विप्रेषण, निजी क्षेत्रलाई बैंकिङ कर्जा र नेपालको व्यापार घाटासम्बन्धी अध्ययन प्रतिवेदनले बैंक तथा वित्तीय संस्थाको कर्जा र विप्रेषणलाई व्यापार घाटाको मुख्य कारण मानेको छ। यो जराको समस्या हाँगा र पातपातमा खोजेजस्तै हो। भन्सार विभागको तथ्याङ्कलाई आधार मान्ने हो भने चालू आर्थिक वर्ष २०७८/७९ को जेठसम्ममा व्यापार घाटा १५ खर्ब ७७ अर्ब रुपैयाँ पुगेको छ। जेठसम्ममा १७ खर्ब ६३ अर्ब २२ करोड रुपैयाँ बराबरको सामान आयात भएको देखिन्छ भने निर्यात केवल एक खर्ब ८५ अर्ब ८३ करोड रुपैयाँ मात्रै छ। बढ्दो व्यापार घाटाको मूल कारण स्वदेशमा उत्पादनको आकार अभिवृद्धि हुन नसक्नु नै हो। केन्द्रीय तथ्याङ्क विभागले स्वदेशमा उत्पादन बढेको देखाउनु र यो अध्ययनले कर्जा र विप्रेषणलाई व्यापार घाटा अभिवृद्धिको कारण मान्नु एकैखालको असान्दर्भिक र कर्मकाण्डी निष्कर्ष हो।

कृषिप्रधान अर्थतन्त्रका हाम्रो भान्सामा अधिकांशतः आयातित खाद्यान्न पाक्दछ। खेतीयोग्य जग्गा बाँझो छोडेर युवाशक्ति विदेशी भूमिमा पसिना बगाइराखेको छ, किन ? किन आजको युवा स्वदेशमा खेती गर्न छोडेर ५० डिग्रीको तातोमा काम गर्न खुशी छ ? किन नेपाली युवा स्वदेशमा खेतीमा रुचि राख्दैनन्, तर विदेशमा गोलभेंडा टिप्ने काममा खटिन्छन् ? खेतीमा किन आकर्षण छैन ? कारण स्पष्ट छ, खेतीलाई हामीले तुलनात्मक लाभमा रूपान्तरण गर्न सकेका छैनौं। यसका लागि कृषिको व्यवसायीकरण हुनुपर्दछ। यसलाई उद्योगसँग जोड्नुपर्दछ। हामी एकाध उपकरणको प्रयोगको परिपाटीलाई आधुनिकीकरण र व्यवसायीकरण मान्दैछौं, यो मनोविज्ञान नै गलत छ। ६० प्रतिशत जनसङ्ख्या आबद्ध भएको कृषि आज निर्वाहमुखी पनि हुन सकेको छैन। कृषिजन्य उत्पादनको आयातमा मात्रै वर्षको सवा तीन खर्ब रुपैयाँ बाहिरिएको सरकारकै तथ्याङ्क छ।

**हामीकहाँ त्यस अनुसारको रणनीतिक योजना देख्न पाइएको छैन। एकाध भएका योजना र अवसरमा पनि सीमित पहुँचवालको हालीमुहाली छ। अरू केही पर्दैन, कृषि र जलविद्युत्लाई मात्र उपयोग गर्ने हो भने मात्रै पनि अहिलेको व्यापार घाटा आधामा झार्न सकिन्छ। तर यसमा दीर्घकालीन दृष्टिसहितको नीति छैन।**

खासमा हामीले हाम्रो औद्योगिकीकरण र उत्पादनलाई नै कृषिमा आधारित बनाउनुपर्दछ। कृषि भनेको धान, मकै र गहुँ उत्पादन मात्र होइन, तुलनात्मक लाभका क्षेत्रमा हात हाल्नुपर्दछ। यी उत्पादन आयात गर्दा सस्तो पर्दछ भने त्यस्ता वस्तु आयात गर्दा फरक पर्दैन। हामीले त मौलिक प्रकारको खेती जसबाट परम्परागत उत्पादनको तुलनामा बढी लाभ लिन सकियोस्, त्यस्ता उत्पादनमा हात हाल्नुपर्दछ। हामीकहाँ त्यस अनुसारको रणनीतिक योजना देख्न पाइएको छैन। एकाध भएका योजना र अवसरमा पनि सीमित पहुँचवालको हालीमुहाली छ। अरू केही पर्दैन, कृषि र जलविद्युत्लाई मात्र उपयोग गर्ने हो भने मात्रै पनि अहिलेको व्यापार घाटा आधामा झार्न सकिन्छ। तर यसमा दीर्घकालीन दृष्टिसहितको नीति छैन।

उत्पादन बढाउने कुनै योजनाको आवश्यकता नै महसूस नगर्ने, तर युवाहरूले पसिना चुहाएर पठाएको रकमलाई आयात बढ्नुमा दोषी देखाउनेजस्तो गैरजिम्मेवार मनोविज्ञानको उपचार आवश्यक छ। आज केही अर्ब मात्रै विप्रेषण घट्दा हामी कोकोहोलो गर्दछौं भने सोचौं त, विदेशबाट यदि यो रकम नआउँदो हो भने हाम्रो आपूर्ति व्यवस्था कस्तो हुन्थ्यो ? अहिलेको समस्याको कारण अन्य केही होइन, आफ्नो कमजोरी ढाक्न दोष अन्यत्र फ्याँक्ने सरकारी प्रवृत्तिमैं छ।

# बर्खायामसँगै नाइरोबी फ्लाइ कीराको सङ्क्रमण

काठमाडौं, २५ असार/रासस

बर्खायामसँगै नाइरोबी फ्लाइ कीरोको सङ्क्रमण देखिएको छ। नाइरोबी फ्लाइ जातको कीरा देखिए पनि डराउनुपर्ने अवस्था नरहेको चिकित्सकले बताएका छन्।

प्रायःजसो वर्षायाममा देखिने उक्त कीरा अहिले पनि देखिन थालेको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ। अहिले नेपालको पूर्वी भेग तथा पश्चिमको कञ्चनपुरमा उक्त जातको कीरा देखिएको महाशाखाको कीटजन्य शाखा प्रमुख डा गोकर्ण दाहालले जानकारी दिए।

काठमाडौंको सिभिल अस्पतालमा उक्त कीराका कारण सङ्क्रमित भएका दुईजनाको उपचार गरिएको छ। उनका अनुसार गत वर्ष पनि उक्त कीराको सङ्क्रमणका कारण तीन/चार जना बिरामी भेटिएका थिए। "अहिले पनि नाइरोबी फ्लाई कीरा देखिन थालेको छ। कीरा बाहिरी मुलुकबाट नआई यही उत्पादन हुने गर्दछ," दाहालले भने,



"कीराले लामखुट्टे जस्तो सङ्क्रमण एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सार्दैन। जनस्वास्थ्यमा ठूलो रूपमा यो कीराले सङ्क्रमण ल्याउँदैन।"

मानिसको शरीरमा आएर बस्ने र मानिसले कीरालाई हातले फाल्दा कीरामा थिचिन गई रस निस्कन्छ। उक्त रसमा रहेको पेडेरिन तत्त्व एसिडले छालामा सङ्क्रमण गराउँछ। उनी कीरालाई शरीरबाट सजिलै फाल्न सक्ने हो भने सङ्क्रमण नहुने बताउँछन्।

"कीरालाई सजिलैसँग शरीरबाट फाल्न सक्यो भने सङ्क्रमण हुँदैन," दाहालले भने, "कीरा नरम भएकाले शरीरबाट फाल्दा थिचिने गर्दछ र यसरी थिचिंदा कीराबाट एसिड निस्कन्छ। जुन एसिडले शरीरलाई हानि गर्दछ।"

एसिड छालामा लागेपछि २४ घण्टाभित्रमा छाला रातो हुने, बिबिरा आउने, जनैखटिरा आउने, चिलाउने जस्ता लक्षण देखिने महाशाखाको कीटजन्य शाखा प्रमुख डा दाहालले जानकारी दिए। "लक्षण देखिएपछि धेरै मानिस आफैं सन्चो भएर जान्छन्," उनले भने, "सन्चो नभएका नजीकैको स्वास्थ्य संस्थामा उपचारका लागि जानुपर्दछ।"

प्रायःजसो सडेगलेका खानेकुरा, मरेको जनावर र फोहरमैला भएको ठाउँमा उक्त कीरा देखिने र प्रजनन गराउने गर्दछ।

कीराबाट हुने सङ्क्रमणबाट पेडेरस डर्माटिटिइज जस्तो रोग लाग्ने गरेको उनी बताउँछन्। कीराको सङ्क्रमणबाट देखिने रोगबारे छाला रोगका विशेषज्ञ र कीराविज्ञसँग छलफल गर्ने तयारी भइरहेको दाहालले बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# श्रीलङ्काका विभिन्न ठाउँमा कर्फ्यू आदेश

कोलम्बो, २५ असार/सिन्हवा

श्रीलङ्काको पश्चिमी प्रान्तका विभिन्न ठाउँमा स्थानीय प्रशासनले कर्फ्यू आदेश जारी गरेको छ।



प्रदर्शनकारीलाई नियन्त्रणमा लिंदै श्रीलङ्काली प्रहरी। तस्वीरः एएनआई

आन्दोलनकारीले विरोध प्रदर्शन गर्ने तयारी गरिरहेका बेला त्यसको पूर्वसन्ध्यामा प्रशासनले कर्फ्यू आदेश जारी गरेको हो।

स्थानीय समय अनुसार शुक्रवार राति ९ बजेदेखि अर्को सूचना जारी नगरेसम्म कर्फ्यू आदेश कायमै रहने प्रशासनले जनाएको छ।

प्रहरीका अनुसार नेगोम्बो, केलानिया, नुगेगोडा, माउन्ट लाभिनिया, उत्तर कोलम्बो, दक्षिण कोलम्बो र मध्य कोलम्बोमा कर्फ्यू आदेश जारी गरिएको हो।

कर्फ्यू अन्तर्गतका नियमलाई कडाइका साथ पालना गराउन प्रहरीले प्रयास गरिरहेको अधिकारीले जनाएका छन्।

त्यसका लागि ठूलो सङ्ख्यामा सुरक्षाकर्मी परिचालित भएका छन्।

कर्फ्यू आदेश लागू भएका क्षेत्रमा हिंड्नुपरेमा प्रहरी तथा सरकारी अधिकारीको अनुमतिमा मात्रै हिंड्न पाइने व्यवस्था गरिएको छ। अत्यावश्यक परेमा हिंड्न पाइने पनि अधिकारीले जनाएका छन्।

राष्ट्रपति गोटाबाया राजापाक्षले मुलुकको सङ्कट समाधान गर्न नसकेकाले पदमा बसिरहन नमिल्ने भन्दै उनको राजीनामाको माग गर्दै शनिवार विरोध प्रदर्शन हुन लागेको हो।

श्रीलङ्काको गिर्जाघरले भने राष्ट्रपति राजापाक्ष र प्रधानमन्त्री रनिल विक्रमासिङ्घेको राजीनामा माग गरेको छ।

उनीहरूले आर्थिक सङ्कट, इन्धनको अभाव, मूल्यवृद्धि न्यूनीकरण गर्न नसकेकाले पदमा बसिरहनुको औचित्य नरहेको गिर्जाघरको भनाइ छ।

दुवैजना आफ्नो जिम्मेवारीमा असफल भएकाले उनीहरूले तत्काल राजीनामा दिनुपर्ने तर्क गरिएको छ। उनीहरूले राजीनामा दिएमा अर्को व्यक्तिले सङ्कटको समाधान गर्ने विश्वास पनि व्यक्त गरिएको छ।

गिर्जाघरको तर्फबाट जारी गरिएको वक्तव्यमा राष्ट्रपति र प्रधानमन्त्री दुवैले नैतिकताका आधारमा आफैं राजीनामा दिनुपर्ने उल्लेख गरिएको छ। श्रीलङ्कामा आर्थिक सङ्कटसँगै राजनीतिक सङ्कट पनि उत्पन्न भएको छ। आर्थिक सङ्कटका कारण रुष्ट आम नागरिकको विरोधका कारण तत्कालीन प्रधानमन्त्री महेन्द्रा राजापाक्षले पनि राजीनामा दिन बाध्य हुनुपरेको थियो। रासस

# बादल फाटेर १६ जनाको मृत्यु, ४० बेपत्ता

नयाँ दिल्ली, २५ असार/एएनआई

भारतको अमरनाथको पवित्र मन्दिरनजीकै शुक्रवार अपराह्न बादल फाटेर घनघोर वर्षा हुँदा १६ जना तीर्थयात्रीको मृत्यु भएको छ भने ४० जना बेपत्ता भएका छन्।

भारतको राष्ट्रिय विपद् व्यवस्थापन बलले दुर्घटनामा परेर बेपत्ता भएकाहरूको खोजी तथा उद्धारका कार्य तीव्र गतिमा सञ्चालन गरिएको जनाएको छ। एक सयभन्दा बढी उद्धारकर्तासहितको चारवटा टोली घटनास्थलमा परिचालन गरिएको र हराएकाहरूको खोजी जारी रहेको जानकारी दिंदै उक्त बलले वर्षा जारी रहे पनि उद्धारमा कुनै कठिनाइ नभएको बताएको छ।

भारतीय वायुसेना, बिएसएफ, एसडिआरएफ, सिआरपिएफ र अन्य निकायले उद्धारका काम जारी राखेका छन्।

चण्डीगढ र श्रीनगरमा वायुसेनाका हेलिकप्टर उद्धार उडान गर्न तत्पर स्थितिमा रहेका छन्।



तस्वीरः सिन्हवा

अमरनाथ गुफानजीकको स्थान जलमग्न भएकाले यात्रीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। पानीको निकास तथा पहिरो प्रभावित सडक खोल्न सुरक्षा अधिकारी पनि परिचालन भएका छन्। रासस

# भारतमा कोरोनाबाट थप १९ हजार सङ्क्रमित

नयाँ दिल्ली, २५ असार/एएनआई

भारतमा कोरोना भाइरसबाट थप १९ हजारजना सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले शनिवार दिएको जानकारी अनुसार थप १८ हजार ८४० जना कोरोना भाइरसबाट सङ्क्रमित भएका हुन्।



योसँगै भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या चार करोड ३६ लाख चार हजार ३९४ पुगेको सङ्घीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

पछिल्लो एक दिनमा देशभर कुल चार लाख ५४ हजार ७७८ जनाको कोरोना परीक्षण गरिएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन्।

सोही अवधिमा कोरोना भाइरसका कारण भारतमा थप ४३ जनाको मृत्यु भएको छ। योसँगै कुल मृतकको सङ्ख्या पाँच लाख २५ हजार ३४६ पुगेको छ। भारतमा पछिल्लो समयमा सक्रिय सङ्क्रमितको सङ्ख्यामा पनि वृद्धि भएको देखिएको मन्त्रालयले जनाएको छ। पछिल्लो चार महीनामा अहिले सबैभन्दा धेरै देखिएका हुन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष — रोगभय | वृष — यात्रालाभ |
| मिथुन — शत्रुपराजय | कर्कट — उदरपीडा |
| सिंह — मित्रमिलन | कन्या — अतिथिआगमन |
| तुला — बेचैनी | वृश्चिक — मनोरञ्जन |
| धनु — सफलता | मकर — राज्यलाभ |
| कुम्भ — ईश्वरभक्ति | मीन — वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

स्वरोजगार बनौं,
गरीबी हटाऔं।
वीरगंज महानगरपालिका कार्यालय

# निर्वाचन केन्द्रित गरेर साङ्गठनिक तयारी गर्दै माओवादी केन्द्र

काठमाडौं, २५ असार/रासस

सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले आगामी सङ्घीय र प्रदेशसभाको निर्वाचनलाई केन्द्रित गरेर आफ्नो साङ्गठनिक अभियान सञ्चालन गर्ने निर्णय गरेको छ।

आगामी मङ्सिरमा ती निकायको निर्वाचन गर्ने तयारीमा सरकार लागेको छ। त्यसका लागि आवश्यक पूर्वतयारीको कामसमेत निर्वाचन आयोग र सरकारले समेत शुरू गरिसकेका अवस्थामा माओवादी केन्द्रले आन्तरिकरूपमा तयारी शुरू गरेको हो। पार्टी केन्द्रीय कार्यालय, पेरिसडाँडामा शनिवार बसेको स्थायी समितिको बैठकले आगामी साउन १६ देखि भदौ ३ गतेसम्म सबै प्रदेश समन्वय समितिको बैठक र प्रशिक्षण कार्यक्रम सम्पन्न गर्ने निर्णय गरेको छ।

त्यस्तै, कर्णाली प्रदेशको बैठक तथा प्रशिक्षण कार्यक्रम आगामी साउन २९ गतेका लागि तय गरिएको छ। बैठकपछि प्रवक्ता कृष्णबहादुर महराले दिएको जानकारी अनुसार पार्टी सङ्गठन निर्माणलाई तीव्र पार्ने र आन्तरिकरूपमा सबै खालको तयारी गर्ने निर्णय आजको बैठकले गरेको छ।

यस्तै, आगामी निर्वाचनसम्मका लागि केन्द्र र प्रदेशबीच समन्वयको काम गर्नेगरी प्रदेश इन्चार्जको नेतृत्वमा पार्टीका केन्द्रीय सदस्य र प्रदेश पदाधिकारी सम्मिलित प्रदेश समन्वय समिति गठन गर्ने निर्णय आजको बैठकले गरेको छ।

**अन्तर्घातको छानबीन गर्न समिति**

स्थायी समितिको बैठकले गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा भएको अन्तर्घातको छानबीनका लागि एक समिति गठन गरेको छ। अनुशासन आयोगका संयोजक टङ्क राईको संयोजकत्वमा मुक्ति प्रधान र खिमलाल देवकोटा सदस्य रहेको छानबीन समिति गठन गरिएको प्रवक्ता महराले जानकारी दिए। सो समितिले ७५३ वटै स्थानीय तहको निर्वाचनका क्रममा भएका गतिविधिका बारेमा एकमुस्टरूपमा छानबीन गर्नेछ। समितिले दिने प्रतिवेदनका आधारमा आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाउने माओवादी केन्द्रको तयारी छ।

**अखिल (क्रान्तिकारी)को समस्या समाधानका लागि समिति**

त्यस्तै, स्थायी समितिको बैठकले पार्टीको भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी)भित्र देखिएको विवाद समाधानका लागि एक समिति गठन गरेको छ। क्रान्तिकारीका पूर्वअध्यक्ष रमेश मल्लको संयोजकत्वमा गठन भएको समितिमा पूर्वअध्यक्षहरूलाई सम्मिलित गराइएको छ। समितिमा नरेन्द्र न्यौपाने र रत्न ढकाल सम्मिलित सुझाव समिति गठन गरिएको प्रवक्ता महराले जानकारी दिए। स्थायी समिति, पोलिटब्युरो र पदाधिकारी १५ दिनभित्र टुङ्गो लगाउने गरी तयारी गरिएको बताइएको छ।

# नेपाल प्रहरीका ३२ प्रउलाई प्रवउ पदमा बढुवा सिफारिश

काठमाडौं, २५ असार/रासस

नेपाल प्रहरीका ३२ प्रहरी उपरीक्षकलाई प्रहरी वरिष्ठ उपरीक्षक पदमा बढुवाका लागि सिफारिश गरिएको छ।



नेपाल प्रहरीको आज बसेको बढुवा समितिको बैठकले जनपद प्रहरी समूहतर्फ ३२ प्रउलाई प्रवउ पदमा बढुवाका लागि सिफारिश गरेको हो।

सिफारिश हुनेहरूमा गणेश चन्द, सिद्धिविक्रम शाह, सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, दानबहादुर कार्की, डा मनोजकुमार केसी, राजन अधिकारी, जीवनकुमार श्रेष्ठ, हिमालयकुमार श्रेष्ठ, डम्बरबहादुर विक, ओमबहादुर राना, ईश्वर कार्की, राजेन्द्रप्रसाद भट्ट, दिनेशकुमार आचार्य र अरुण पौडेल रहेका छन्।

यस्तै, गोविन्द थपलिया, माधवप्रसाद श्रेष्ठ, डिल्लीराज विष्ट, मनोजकुमार यादव, रेवती ढकाल, दीपेन्द्र घर्ती क्षेत्री, दीपक रेग्मी, दीलिपसिंह देउवा, विनोद घिमिरे, किसनसिंह थापा, सुदर्शनप्रसाद कोइराला, दीपककुमार बस्नेत, जयराज सापकोटा, सुरेन्द्रबहादुर गुरुङ, सञ्जीवशर्मा दास, लोकेन्द्र श्रेष्ठ र शारदाप्रसाद चौधरी रहेका छन्।

उनीहरूलाई प्रहरी नियमावली, २०७१ (संशोधनसहित)को नियम २७ को उपनियम (४) अनुसार बढुवाका लागि सिफारिश गरिएको बढुवा समितिका सदस्य-सचिव एवं प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंहले जानकारी दिइन्।

# रासायनिक मलको विकल्पमा गड्यौले मल

वालिङ, २५ असार/रासस

स्याङ्जाका कृषकले रासायनिक मलको विकल्पका रूपमा गड्यौले मल प्रयोग गर्न थालेका छन्। खेत रोप्ने समयमा रासायनिक मल नपाएर उत्पादन घट्ने चिन्तामा रहेका कृषकले गड्यौले मललाई विकल्पका रूपमा प्रयोग गर्न थालेका हुन्।

स्याङ्जाको वालिङ नगरपालिकाभित्रका समूह, सहकारी तथा अगुवा कृषकले रासायनिक मल नपाएपछि वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारीमार्फत गड्यौले मल खरीद गरी खेतबारीमा प्रयोग गरेका हुन्। वालिङ-६ लालुपातेका अगुवा कृषक रेशमलाल रेग्मीले रासायनिक मल नपाएपछि तरकारीखेतीमा प्रयोग गर्नका लागि गड्यौले मल प्रयोग गरेको बताए।

"बजारमा रासायनिक मल नपाएपछि तरकारीखेतीको उत्पादनमा कमी आउँछ कि भनेर त्यसको विकल्पमा गड्यौले मल प्रयोग गरेको हुँ," उनले भने, "पहिलो वर्ष रासायनिक मलको विकल्पका रूपमा गड्यौले मलको प्रयोग गर्दा उत्पादन राम्रो भयो। अहिले निरन्तररूपमा गड्यौले मल प्रयोग गर्दै आएको छु।"

दुई रोपनी क्षेत्रफलमा मौसमी तथा बेमौसमी तरकारीखेती गर्दा रासायनिक मलको विकल्पमा गड्यौले मल मात्रै प्रयोग गरेर हेर्दा उत्पादन राम्रो भएकाले अहिले तरकारी पकेट कार्यक्रम अन्तर्गत समूहमा सहभागी अन्य कृषकले पनि गड्यौले मलको प्रयोग थालेको उनले बताए। गड्यौले मलको प्रयोगले उत्पादन राम्रो भएसँगै अहिले आफूले पनि घरमैं गड्यौला पाल्न थालेको उनले बताए। वालिङ-१२ का यवनाथ न्यौपानेले पनि गड्यौलापालन गरेका छन्। उनले घरमैं उत्पादन भएको मललाई आफैंले खेतबारीमा प्रयोग गर्नुका साथै बिक्रीसमेत गर्दै आएका छन्। "घरमैं वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाको सहयोगमा 'भर्मी बेड' तयार गरी गड्यौलापालन गरेको छु," न्यौपानेले भने, "रासायनिक मलको सट्टामा गड्यौले मल प्रयोग गर्ने गरेको छु भने अरू सोही सहकारीलाई बिक्री गर्दै आएको छु।"

गड्यौले मल जति उत्पादन गरे पनि सहकारीले बजारीकरण गर्दै आएकाले



गड्यौले मल। तस्वीरः सौजन्य

बिक्री नहुने भन्ने समस्या नरहेको बरु उल्टै माग अनुसार मल उत्पादन गर्न नसकिएको न्यौपाने बताउँछन्। वालिङ नगरपालिकाभित्रका विभिन्न वडामा एक वर्षको अवधिमा वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थामार्फत ३०० बढी कृषकले व्यावसायिकरूपमा गड्यौलापालन गर्दै आएको सहकारीका प्रबन्धक एवं कार्यक्रम संयोजक विशाल बगालेले बताए।

"सहकारीले निश्शुल्करूपमा गड्यौला, गड्यौला पाल्ने भाँडो तथा आवश्यक तालीम दिएसँगै गड्यौलापालनतर्फ पछिल्लो समय कृषक आकर्षित भएका छन्," संयोजक बगालेले भने, "अहिले बजारमा रासायनिक मलको अभाव हुँदा कृषकले गड्यौले मललाई विकल्पको रूपमा प्रयोग गर्दै आउनुभएको अवस्था छ।" गड्यौलापालन गर्दै आएका कृषकले उत्पादन गरेको गड्यौला तथा मल दुवैको बजारीकरणको ग्यारेन्टी सहकारीले लिएकाले पनि बजारको कुनै समस्या नरहेको संयोजक बगाले बताउँछन्।

"गड्यौले मलको माग वालिङभित्रै पनि अत्यधिक छ, माग अनुसार उपलब्ध गराउन सकिरहेका छैनौं," संयोजक बगालेले भने, "वालिङभन्दा बाहिरबाट पनि विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट मलको माग भइरहेको छ तर पुर्‍याउन सकेका छैनौं।"

स्याङ्जाको वालिङ नगरपालिकाभित्र विशेषगरी कोभिड-१९ प्रभावित र अतिविपन्न परिवारलाई प्राथमिकतामा राखेर निश्शुल्क गड्यौलासहित बिन तथा आवश्यक तालीम दिएसँगै कृषक गड्यौलापालनतर्फ आकर्षित हुँदै गएका छन्। नगरपालिका र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी नेपाल)को आर्थिक सहयोग तथा वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाद्वारा सञ्चालित 'हरित पुनर्उत्थान प्रवर्द्धन परियोजना' अन्तर्गत वालिङका १४ वटै वडाका किसानलाई जैविक कम्पोस्ट मल बनाउन प्रेरित गरिएको वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष यामबहादुर गुरुङले जानकारी दिए।

मानव स्वास्थ्यलाई ध्यानमा राख्दै कुहिने फोहरलाई गड्यौले अर्गानिक कम्पोस्ट मलमा परिणत गर्दै आइएको गुरुङले बताए। खेतबारीमा रासायनिक मल तथा विषादीको प्रयोगमा निरुत्साहित गर्दै अर्गानिक कम्पोस्ट मल बनाउन किसानलाई प्रेरित गर्दै गड्यौलापालनका

(बाँकी अन्तिम पातामा)

# मुटुसम्बन्धी व्यायाम शिविर सम्पन्न

प्रस, वीरगंज, २५ असार/

वीरगंजमा मुटुलाई स्वस्थ राख्न आवश्यक पर्ने शारीरिक व्यायाम आयोजित कार्यक्रममा मुटुलाई स्वस्थ राख्ने विभिन्न व्यायामहरू सिकाइएको थियो।


तस्वीरः प्रतीक

शनिवार शिविर सम्पन्न भएको छ। आदर्शनगरस्थित पुरानो बसपर्कमा 'ग्रुप कार्डियो वर्कशप' व्यायाम शिविर सम्पन्न भएको हो। वीरगंज महानगरपालिकाको सहकार्यमा वीरगंज साइक्लिङ क्लबद्वारा

कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले शारीरिक तन्दुरुस्तीका लागि व्यायाम निकै आवश्यक रहेको बताए। उनले एक दिन मात्र व्यायाम गरेर स्वस्थ नहुने भएकोले यसलाई निरन्तरता दिन आग्रह गरे। पर्साका प्रजिअ उमेशकुमार ढकालले कार्डियो वर्कआउट र जुम्बा खासगरी काठमाडौंका जिमहरूमा मात्रै हुने गरेकामा अहिले नेपालका सबैजसो शहरमा यस्ता खालका व्यायामहरू गराउने जिम क्लबहरू खुलेको बताए। अव्यवस्थित जीवनशैली तथा व्यस्तताका कारण शरीरको महत्त्वपूर्ण अङ्ग मुटुलाई स्वस्थ राख्नका लागि शारीरिक व्यायाम जतिको अन्य क्रियाकलाप महत्त्वपूर्ण नभएको उनले चर्चा गरे।

ग्रुप कार्डियो वर्कशपमा प्रदेश १ स्थित इटहरीको दी व्यायामशालाका प्रशिक्षकहरू ममता प्रसाईं र अनुप विक्रम सुवेदीले प्रशिक्षण दिएका थिए।

कार्यक्रममा पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रकाश पोखरेल, भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत नितेश कुमारलगायत पर्सा र बाराका महिला र पुरुष करीब एक हजारजनाको सहभागिता थियो।

# खेलकूदको संसार

## एनएफपिजे फूटसल प्रतियोगिताको उपाधि हाम्रो फूटसल पत्रकार टिमलाई

काठमाडौं, २५ असार/रासस




एनएफपिजे फूटसल प्रतियोगिताको उपाधि हाम्रो फूटसल पत्रकार टिमले जितेको छ। राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे)को २५औं वार्षिक उपलक्ष्यमा आयोजना गरिएको प्रतियोगितामा उक्त टीमले जीत हात पारेको हो।

स्वस्तिश्री गुरुकुल विद्यालयको खेलमैदानमा भएको खेलमा १२ टीम सहभागी थिए। नकआउट चरणमा खेलाइएको खेलको पहिलो चरणमा गोलाप्रथाबाट १२ टीमबीच प्रतिस्पर्धा भएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस), पत्रकार ऋषि धमलाको टीम, शिलापत्र, गोरखापत्र, हाम्रो जन्मभूमि, नियात्रा टिभी, रेडियो पर्यावरण, फोटो पत्रकार सङ्घ धादिङ, हाम्रो फूटसल टीम, गुरुङ पत्रकार सङ्घलगायत टीमको सहाभागिता थियो।

त्यसैगरी, दोस्रो चरणमा जितेर आएका छ टीम खेलेका थिए। सेमिफाइलनमा धादिङ फोटो पत्रकार समूह र एटजोन गुरुङ पत्रकार टीमबीच खेल भएको थियो भने हाम्रो फूटसल पत्रकार टिमले वाइ पाएर सीधैं फाइनलमा पुगेको थियो।

धादिङ टिमलाई दुईका विरुद्ध चार गोलअन्तरले हराउँदै हाम्रो फूटसल पत्रकार टीमले उपाधि हात पारेको थियो। प्रतियोगिताको म्यान अफ दी म्याच वासु अवालेले पाएका थिए। उत्कृष्ट गोलकीपर धादिङ फोटो पत्रकार सङ्घका श्रीकृष्ण भण्डारीले पाउन सफल भए। साथै विजेतालाई मेडल, ट्रफी र प्रमाणपत्र एनएफपिजेका अध्यक्ष प्रदीपराज वन्तले वितरण गर्दै संस्थाको २५औं स्थापना दिवसका अवसरमा पत्रकार तथा फोटो पत्रकारबीच भाइचाराको सम्बन्ध विकास गर्ने उद्देश्यले कार्यक्रम गरिएको बताए। उक्त कार्यक्रममा विजबजार डटकम र स्वस्तिश्री गुरुकुल स्कूलको सहयोग थियो।

# हेटौंडाको भाटभटेनीको दैनिक बिक्री ३० लाख

राधेश्याम पटेल, वीरगंज, २५ असार/

हेटौंडा-२ चौकीटोलमा सञ्चालित भाटभटेनी सुपर मार्केटको दैनिक कारोबार करीब ३० लाख रुपैयाँभन्दा बढीको हुने गरेको छ। आसपास, मनहरी, लोथर, पर्साको वीरगंज, बारा, रौतहट, सर्लाही, मकवानपुरका विभिन्न ठाउँका ग्राहकहरू किनमेल गर्न आउने गरेको उनी बताउँछिन्। गतेदेखि शुरू भएको उक्त भाटभटेनीमा खाद्यान्न, लुगाकपडा, गार्मेन्ट, भाँडाकुँडा, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामान, तरकारी, फलफूललगायतका सामान बिक्री वितरण हुने गरेको छ।




तस्वीरः प्रतीक

अन्य दिन दैनिक करीब १४ सय ग्राहक किनमेल गर्न आउने गरे तापनि सार्वजनिक बिदा, शुक्रवार तथा शनिवार ग्राहकको भीड बढ्ने गरेको सहायक प्रबन्धक शर्मिला गुरुङले जानकारी गराइन्। उनले बिहान साढे ७ देखि राति पौने ९ बजेसम्म सुपरमार्केट सधैं खुल्ने गरेको र सेवा दिइरहेको बताइन्।

हेटौंडाको भाटभटेनीमा हेटौंडा

अहिले बकरिद पर्वको अवसरमा ग्राहकको सङ्ख्यामा वृद्धि भएको उनी बताउँछिन्। वीरगंजबाट किनमेल गर्न जाने ग्राहकहरूलाई होम डिलेभरीको सुविधा पनि दिने गरिएको छ। ४० हजार रुपैयाँसम्मको किनमेल गर्ने ग्राहकहरूलाई निश्शुल्क सामान घरसम्म पुर्‍याइदिने सुविधा दिइएको छ।

सात महीनाअघि २०७८ मङ्सिर २२

देशभरि आउटलेट विस्तारमा आक्रामक भइरहेको भाटभटेनी सुपर स्टोरले करीब रु डेढ अर्बको लगानीमा हेटौंडा-भैंसे सडकखण्डको चौकीटोलमा २०औं आउटलेटको रूपमा सञ्चालनमा ल्याएको हो। बुद्धचोकभन्दा चार सय मिटर उत्तर गएपछि त्यहाँ पुग्न सकिन्छ।

१४ कट्ठा पाँच धुर जग्गामा स्टोरका दुईवटा बेसमेन्टसहित आठ तले भवनको कुल क्षेत्रफल एक लाख ३४ हजार वर्गफिट छ। दुईवटा बेसमेन्टमा गरी तीन सय गाडी र सात सय मोटरसाइकल पार्किङ गर्न मिल्ने प्रबन्ध मिलाइएको छ। स्टोरको भुइँतलामा खाद्यान्न, फलफूल, हरियो तरकारी, फ्रोजन आइटम, हाउस होल्डका सामानलगायत कस्मेटिक सामग्री राखिएका छन् भने सोही तलामा केएफसीको आउटलेट रहेको छ।

यस तलामा नौवटा काउन्टर छन्। त्यस्तै, पहिलो तलामा किचनवेयर, भाँडाकुँडा, बालबालिकाका खेलौना र शृङ्गार प्रसाधनका सामग्री छन्। यही तलामा पेपे पिज्जाको आउटलेटसमेत रहेको छ।

दोस्रो तला महिला र पुरुषका तयारी गार्मेन्ट, सारी, कुर्तालगायत पहिरनका सामग्री छन्। यस तलामा न्यू ब्यालेन्स, एनबी, फिला, स्केयर्स र युएस पोलोजस्ता विश्वप्रसिद्ध ब्रान्डेड कम्पनीका तयारी कपडा पाइने भाटभटेनी हेटौंडाकी प्रबन्धक अञ्जु मगरले बताइन्। तेस्रो तलामा जुत्ताचप्पललगायतका फूटवेयर बिक्री वितरण हुन्छ। यही तलामा टिभी, फ्रिज, वासिङ मेशिन, माइक्रोवेभ ओभन, भ्याकुम क्लिनर जस्ता इलेक्ट्रोनिक्स सामग्री राखिएका छन्।

भाटभटेनीले काठमाडौंको टोखा र सानागाउँ, पश्चिम नेपालको धनगढी, मधेस प्रदेशको जनकपुर र वीरगंज तथा पूर्वको झापा जिल्लास्थित बिर्तामोड गरी छ ठाउँमा स्टोर सञ्चालनका लागि निर्माण कार्य गरिरहेको जनाएको छ।

## किशोरीद्वारा आत्महत्या

प्रस, परवानीपुर, २५ असार/

पकहामैनपुर गापा-१ धोरे बस्ने वर्ष १५ की प्रतिमा कुमारी गोढले आत्महत्या गरेकी छन्।

शुक्रवार बिहान उनले आफ्नै घरको छानोको गारोमा डोरीको पासो लगाइ झुन्डिएर आत्महत्या गरेकी हुन्। उनको हिजै शल्यपरीक्षण गरी शव परिवारजनलाई दिएपछि अन्त्येष्टि पनि भइसकेको पर्सा प्रहरीले जनाएको छ। घरायसी तनावको कारण किशोरीले आत्महत्या गरेको गाउँलेले बताएका छन्।

**योग्यतामा आधारित छनोट प्रणालीको सम्मान गरौं**

'योग्यता, स्वच्छता, निष्पक्षता -लोकसेवा आयोगको प्रतिबद्धता'

- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारमा समान अवसरको सदुपयोग गरौं।
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण निर्माण गरौं।
- निर्भीक एवं निष्पक्षरूपमा राष्ट्रको सेवा गर्ने अवसर प्रयोग गरौं र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### रासायनिक मल....

लागि आवश्यक सामग्री, तालीम तथा गडचौला वितरण गरिएको अध्यक्ष गुरुङले बताए।

रासायनिक मलको विकल्पका रूपमा समेत गडचौले मलको प्रयोग बढ्दै गएकाले अहिले गाउँगाउँमा कृषक गडचौलापालनतर्फ आकर्षित हुँदै गएका छन्। गडचौले मलको माग बढ्दै गइरहेको छ। लगानी र मेहनत कम लाग्ने तर गडचौला र मल दुवै बिक्री गरेर दोहोरो फाइदा लिन सकिने भएकाले पनि यसतर्फ कृषकको आकर्षण बढ्दै गएको अध्यक्ष गुरुङ बताउँछन्।

अहिले गडचौला प्रतिकिलो रु एक हजार ७०० का दरले बिक्री हुँदै आएको छ भने मल प्रतिकिलो रु ३०-३५ मा बिक्री हुने गरेको छ। बिरुवाले गडचौले मलमा भएको खाद्यतत्त्वलाई सजिलैसँग लिन सक्छ भने यो मल अरू मलभन्दा गुणस्तर मानिन्छ। यो मलको प्रयोगले रासायनिक मलको उपलब्धता बढाउँछ र बाली बिरुवाको वृद्धि विकास पनि छिटो हुने गर्छ। झारपात र घरमा निस्कने कुहिने फोहरबाट गडचौलापालन गरी जैविक मल उत्पादन गर्न सकिन्छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

Ncell
Double Majja Pack
5GB data लाई बनाउनुहोस् 10GB!



10GB बनाउने तरिका:
१. सुरुमा रु. १२५ को ७ दिन मान्य 5GB Double Majja Pack खरिद गर्नुहोस्।
२. त्यसपछि validity नसकिँदै त्यहि pack फेरी खरिद गरी 5GB + 5GB data पाउनुहोस्।
3. Validity 28 दिन सम्म थपिदै जानेछ भने volume चाहिँ जतिपनि थपिन्छ।
४. त्यसैले धेरै फाइदा लिन धेरै चोटी खरिद गर्नुहोस्।
*17123*22#